


अर्जुन पन्थी
facebook.com/arjun.panthi

इन्टरनेट विस्तारका लागि नीतिगत सुधार

प्रायः सरोकारवालालाई नीति कसरी बन्छ, कसले बनाउँछ थाहा हुँदैन । नेपाल सरकारले नीतिको मस्यौदा गर्न विद्वान् तथा अन्तरराष्ट्रिय संघसंस्थालाई लगाउँछ । मस्यौदा नीतिमा छलफल गर्ने भनेर सरोकारवालालाई तारन्तार बोलाउँदा पढ्ने समय पनि हुँदैन । त्यसैले 'नीति राम्रो छ, कार्यान्वयन गर्नुस्' भन्नुबाहेक सरोकारवालासँग विकल्प हुँदैन । अर्कोतर्फ नीति निर्माणको तहमा बसेका कर्मचारी नै स्थिर नहँदा काम हुन सकेको छैन । कर्मचारीमा सुरुमा जसले केही नयाँ काम गरुँ भन्ने भए पनि उसको तुरुन्तै सरुवा हुँदा कार्यक्रम लागू गर्न सक्दैन ।

नयाँ कर्मचारीले फेरि शून्यबाट सिक्नुपर्ने बाध्यताले यो क्षेत्रमा समस्या उत्पन्न गरेको छ । इन्टरनेटसम्बन्धी नीति बने पनि सरकारको प्राथमिकतामा नपर्दा कतिपय समस्या थपिएका छन् । इन्टरनेट तथा दूरसञ्चार क्षेत्रलाई अनुगमन गर्ने निकाय नेपाल दूरसञ्चार प्राधिकरण विगत २ वर्षसम्म नेतृत्वविहीन भयो । यस्तो अवस्थामा सरकारले मुद्दालाई फाष्टट्रयाकमा लगेर टुंग्याउन सर्वोच्च अदालतलाई अनुरोध गर्न सक्थ्यो । त्यस्तै नेपालमा ब्रोडब्याण्ड नीतिको कुरा उठे पनि सरकारले यसलाई प्राथमिकतामा राखेको छैन ।

नेपालमा ब्रोडब्याण्ड मास्टर प्लान अरु देशभन्दा पहिला नै सुरु गरे पनि अझैसम्म कार्यान्वयन गर्न सकिएको छैन । यो उदासीनताले इन्टरनेटलाई अझै पनि विलासिताको माध्यम हो भन्ने मानसिकता सरकारमा रहेको छ । इन्टरनेटको पहुँच र विस्तारमा नीतिगत तहमा ३ ओटा समस्या देखिएका छन् । पहिलो आइसिटीको समानान्तर विकास, पूर्वाधार साझेदारीको समस्या र नयाँ प्रविधिको लाइसेन्स वितरण गर्ने विषयमा सुधार हुनु आवश्यक देखिन्छ ।

समानान्तर विकास

आइसिटी क्षेत्रलाई अरुसँगै समानान्तर हिसाबमा विकास गर्नुपर्छ । यदि समानान्तर विकासको कुरा मान्ने हो भने आइसिटी नीति कार्यान्वयनको पक्ष फितलो देखिन्छ । ग्रामीण सूचना केन्द्र (टेलिसेन्टर) योजना लागू भए पनि त्यसको कार्यान्वयन फितलो देखियो । हुलाकमार्फत खोलिएका टेलिसेन्टरहरूले कम्प्युटर तालिम, टाइपिड, इन्टरनेटलगायतका सुविधा दिने उद्देश्य राखे पनि बेकामे बनेका छन् । बंगलादेशमा टेलिसेन्टरबाट त्यहाँका व्यक्तिले सेवा लिइरहेका छन् । नेपालमा टेलिसेन्टर फेल हुनुको कारण सरकार गाँस, बास, कपासमा अल्झेर हो भनी यसका सरोकारवालाले बताउँछन् । उदाहरणका लागि डा. बाबुराम भट्टराई अर्थमन्त्री हुँदा स्कूलका लागि कम्प्युटर खरिद गर्ने प्रक्रिया 'विलासिताको साधन' भन्दै बन्द गराइयो ।

भारतमा पनि गरिबी छ, सँगसँगै आइटी क्षेत्र अघि बढिरहेको नै छ । नेपालमा सरकारले आफ्ना सेवा इन्टरनेटमार्फत तत्कालै गाउँमा पुराउन नसके पनि कम्तीमा सदरमुकामको मान्छेसम्मले उपयोग गर्न पाउनुपर्ने हो । यसको सुरुवात नै भएको छैन । सबै एकैचोटी गज्जब गर्छु भन्ने पनि सम्भव हुँदैन । त्यस्तै डिजिटल सिग्नेचरका लागि २०६५ सालमा प्रमाणीकरणको कार्यालय खुल्यो । अहिलेसम्म त्यसले डिजिटल सिग्नेचर लागू गर्न सकेको छैन । अहिले बैंकिङ क्षेत्रले आउटसोर्सिङबाट डिजिटल सिग्नेचरको काम भइरहेको छ । अर्को समस्या भनेको पेमेन्ट गेटवे नै छैन । नेपालमा डलरको काम गरेमा त्यसलाई कसरी पठाउने भन्ने अन्योल छ । निजीक्षेत्रले राष्ट्र बैंकसँग मिलेर गर्नुपर्छ । यो सबै पक्ष हुन सक्ने काम भए पनि सरकारले प्राथमिकतामा राखेको देखिँदैन ।

पूर्वाधार साझेदारीको आवश्यकता

भारतसहितका अन्य मुलुकमा दूरसञ्चारमा पूर्वाधार साझेदारीको अवधारणा अघि बढिसकेको छ । विभिन्न मुलुकले पूर्वाधार साझेदारी गर्ने कम्पनीलाई सहुलियत दिने गरेका छन् । पूर्वाधार साझेदारीले यस क्षेत्रमा हुने दोहोरो लगानी रोकिनुका साथै जोखिम पनि कम हुन्छ । घरैपिच्छे रहेका मोबाइल टावरलगायत पूर्वधारले सहर र ग्रामीण क्षेत्रसमेत कुरूप बनाइरहेका छन् । नेपाल दूरसञ्चार प्राधिकरणले कनेक्टिभिटी सम्बन्धमा निकालेको डेटाले ९१ प्रतिशत मान्छेसँग टेलिफोन पहुँच र ३३ प्रतिशतसँग इन्टरनेट छ भनेको छ । डेटा ठीक भए पनि त्यसको गुणस्तर के छ भन्ने कुरा यसले बताउँदैन । जबसम्म ब्रोडब्याण्ड इन्टरनेटको सेवा भुइँतहसम्म पुग्दैन, तबसम्म यति प्रतिशतसँग मोबाइल छ, इन्टरनेट छ भनेर पुग्दैन ।

ठूलठूला एप बनेका छन् भन्ने गफले पनि कहीं पुऱ्याउँदैन । भएको सेवाको गुणस्तर मापन गर्ने डेटाचाहिँ नेदुप्राले बाहिर प्रकाशित गर्न सकेन । जति आइएसपी छन्, त्यति ओटा टावर देखिन्छन् । कसैको पनि एकीकृत सेवा छैन । ठूला अपरेटरले एकीकृत सेवा चाहँदैनन् । नेपाल टेलिकमले ३०/४० वर्ष मेहनत गरेर बनाएको नेटवर्क समय र लगानीका हिसाबले उसले दिन चाहँदैन ।

आइएसपीलाई नेटवर्क माग्ने 'अधिकार' नभएको टेलिकम कम्पनीले बताउँछ । यसरी कुनै अपरेटर आफूले मेहनत गरेर बनाएको नेटवर्क साझेदार गर्न नचाहने हुँदा दोहोरो लगानीको अवस्था देखिएको छ । यस्तो अप्ठ्यारोमा सरकारको समन्वय हुन सक्थ्यो । समन्वयको सन्दर्भमा शिक्षा मन्त्रालय छुट्टै गएको छ, एनटिए छुट्टै गएको छ, विज्ञान मन्त्रालय छुट्टै गएको छ, सञ्चार मन्त्रालय छुट्टै गएको छ । यसले पनि भद्रगोलको अवस्था तथा अन्तरमन्त्रालय समन्वय नभएको देखिन्छ ।

लाइसेन्स वितरणमा समस्या

सरकारले नीतिगत तहमा लाइसेन्स वितरणमा सुधार गर्नुपर्छ । नेपाल दूरसञ्चार प्राधिकरणले १५ वर्षसम्म आइएसपीलाई 'अनुभव नभएको', 'असमान समूहबीच समान तुलना गर्न नसक्ने' भन्दै नयाँ प्रविधिको लाइसेन्स दिएको छैन । प्रविधि फेरिरहने हुँदा नयाँ प्रविधिको लाइसेन्स नदिएपछि इन्टरनेटको विस्तार गाह्रो हुन्छ । सबै खालका इन्टरनेट सेवाको लाइसेन्स सबै सेवाप्रदायकलाई खुला हुनुपर्छ । नीति डायलअपको बेला बने पनि समयसमयमा नीति परिमार्जित गर्दै नयाँ अवस्थामा सबै आइएसपीलाई नयाँ लाइसेन्स दिनुपर्छ । जसले गर्दा ठूला टेलिफोन कम्पनीलाई मात्र संरक्षण गरेको ठहर्दैन । सरकार आफै घरघरमा इन्टरनेट पुऱ्याउन ब्रोडब्याण्डको पूर्वाधार निर्माणमा संलग्न हुनुपर्छ । सरकारले धेरै वर्षदेखि गर्ने भनेको 'कनेक्टिभिटी व्याकबोन स्ट्रक्चर' बनाउन सकेको छैन । यस्तो गरेमा धेरै आइएसपीहरूले लिज लिएर दुर्गम क्षेत्रमा जान सक्थे । प्रतिस्पर्धाले गर्दा सेवाको मूल्य पनि घटेर जान्थ्यो । तर, त्यो सम्भव बनेको छैन ।

पुरानो प्रविधिको न्यारोब्याण्डबाट केही पनि नहुने, ब्रोडब्याण्डमा पनि जानुपर्ने हुँदा आइएसपीहरूलाई आधारभूत पूर्वाधार तथा नयाँ लाइसेन्सको आवश्यकता देखिएको हो । सरकारले यसमा समन्वय गर्नुपर्ने देखिन्छ । ग्रामीण दूरसञ्चार विकास कोषको उद्देश्य इन्टरनेट नपुगेको ठाउँमा काम गर्नु हो । यसबाट प्राइभेट आइएसपीलाई प्रोत्साहन दिएमा इन्टरनेट नपुगेको ठाउँमा इन्टरनेट पुऱ्याउन सकिन्छ । अहिले एनटिसी र एनसेलको बजारमा एकाधिकार छ । उनीहरूको सेवा तुलनात्मक रूपमा महँगो पनि छ । यस्तो अवस्थामा सरकारले 'बिग प्लेयर्स' (एनटी र एनसेल)का लागि मात्र नीति नियम बनाउने जस्तो देखिन्छ । नेदुप्राले बेलाबेलामा फ्रिक्वेन्सी अवरोध (रेष्ट्रिक्सन) गरेर अप्ठ्यारो पारिदिन्छ, जसका कारण दिन खोजेको ठाउँमा सर्भिस दिन आइएसपीले सकेका छैनन् ।

अन्त्यमा

इन्टरनेटको पूर्वाधार निर्माण र त्यसको साझेदारीको अवधारणा नेपालको धेरै ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड पुऱ्याउने एउटा उपाय हुन सक्छ । जसमा इन्टरनेट विस्तारगर्न विभिन्न आइएसपीहरूले भाडामा पूर्वाधार लिएर लगानी विस्तार गर्न सक्छन् । उनीहरू अहिले बैंक, वित्तीय क्षेत्र तथा विभिन्न संघसंस्थाको अनुरोधमा बाहिर गए पनि प्रायः अवस्थामा काठमाडौंमै खुम्चिएका छन् । यदि पूर्वाधार साझेदारीको अवधारणा ल्याउने हो भने घरधुरी तहमा विभिन्न आइएसपी पुग्न सक्छन् र प्रतिस्पर्धा बढ्दा इन्टरनेटको विस्तार तथा गुणस्तर बढ्न सक्छ ।

काठमाडौंबाहिर पनि घरधुरी तहसम्म इन्टरनेट सेवाप्रदायकलाई सेवा पुऱ्याउन सरकारले अनुमतिपत्रमा प्रतिस्पर्धा गरी सबै खालका सेवाप्रदायकलाई नयाँ प्रविधिका इन्टरनेट सेवा खुला गरिनुपर्छ । जसले गर्दा सेवाप्रदायक अझ विस्तारित ढंगले अघि बढ्न सक्छन् । एकै खालको र पुरानो प्रविधिको इन्टरनेट सेवा दिनुपर्ने बाध्यताले सेवाप्रदायकहरू खुम्चिएर रहेका छन् । लाइसेन्स वितरण गर्दा उसले गर्न सक्ने लगानी नेटवर्कको सुविधा आदिलाई ख्याल गर्नुपर्छ । दुरदराजमा इन्टरनेट सेवा पुऱ्याउन योगदान गर्न सक्छ भन्ने आधारमा लाइसेन्स दिनुपर्छ । उनीहरूलाई प्रोत्साहनका लागि सरकारले पूर्वाधार विकास पनि गर्नसक्छ ।

(लेखक मार्टिन चौतारीका मिडिया अनुसन्धाता हुन् ।)

